# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्धारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, चैत २१ गते, २०८१ साल (संख्या २३


## भाग-३

## कर्णाली प्रदेश सरकार

### आर्थिक मामिला तथा योजना मन्त्रालयको

## <u>सूचना</u>

कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०८१।०९।१९ मा स्वीकृत भएकोले यो सूचना प्रकाशित गरिएको छ।

### <u>कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि,२०८१</u>

**<u>प्रस्तावनाः</u>** कर्णाली प्रदेश सरकारको वित्तीय प्रणालीलाई व्यवस्थित, पारदर्शी, मितव्ययी र प्रभावकारी बनाई प्रदेशमा वित्तीय जोखिम व्यवस्थापन गर्न

सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान तथा सोको समसामयिक सुधार गरी वित्तीय सुशासनलाई संस्थागत गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सुशासन ऐन, २०७६ को दफा ४४ बमोजिम कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नतिजाको जोखिम" भन्नाले सार्वजनिक स्रोत साधनको प्रयोगबाट पूर्व निर्धारित लक्ष्य अनुरुपको परिणाम प्राप्ति हुन नसक्ने सम्भावित अवस्था सम्झनु पर्छ।

(ख) "निकाय" भन्नाले कर्णाली प्रदेश सरकार अन्तर्गतका आयोग र सचिवालय सम्झनु पर्छ। सो शब्दले मुख्यन्यायाधिवक्ताको कार्यालय समेतलाई जनाउँछ।

(ग) "प्रक्रियाको जोखिम" भन्नाले सार्वजनिक वित्तीय साधन स्रोतको प्रयोग गर्दा प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया उल्लङ्घन हुनसक्ने अवस्था सम्झनु पर्छ।

(घ) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(ङ) "मूल्याङ्कन" भन्नाले यस कार्यविधि बमोजिमका वित्तीय जोखिम मूल्याङ्कनको क्षेत्रमा भएको उपलब्धि र सो हासिल गर्न अवलम्बन गरिएको प्रक्रिया सम्झनु पर्छ।

(च) "वित्तीय अनुशासनको जोखिम" भन्नाले प्रदेश सरकारको योजना तथा बजेट तर्जुमा, बजेट कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन, लेखापरीक्षण र राजस्व प्रशासनमा निर्धारित प्रक्रियाको पालना नहुने, सार्वजनिक वित्तीय स्रोत तथा साधन लक्षित वर्ग, निर्धारित लक्ष्य, कार्य र प्रयोजनमा खर्च नहुने, उपलब्ध स्रोत कम प्राथमिकताको क्षेत्रमा खर्च हुने तथा भ्रष्ट्राचारजन्य क्रियाकलाप भई अपेक्षित नतिजा निस्कन नसक्ने सम्भावना सम्झनु पर्छ।

(छ) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारका मन्त्रालयलाई सम्झनु पर्छ। सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ज) "सूचक" भन्नाले अनुसूची-२ र ३ मा उल्लेख भए बमोजिमका सूचक सम्झनु पर्छ।

## परिच्छेद- २

## मूल्याङ्कनको विषय क्षेत्र, तह र सूचक

३. **मूल्याङ्कन गर्नु पर्ने:** विषयगत मन्त्रालय र निकायले आफू र मातहतका सबै कार्यालयको वित्तीय सुशासनको लागि योजना, बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिवेदनको अवस्था लेखाजोखा गरी सोमा सुधार गर्न वित्तीय जोखिम मूल्याङ्कन गर्नु पर्नेछ।

४. **मूल्याङ्कनका विषय क्षेत्र**: प्रदेश सरकारको वित्तीय जोखिम मूल्याङ्कनका विषय क्षेत्र देहायबमोजिम हुनेछः-

(क) आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन,

(ख) राजस्व सङ्कलन, परिचालन तथा बाँडफाँट,

(ग) बजेट कार्यान्वयन क्षमता,

(घ) लेखाङ्कन, लेखापरीक्षण तथा प्रतिवेदन

(ङ) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन।

५. **सूचकको तहः** (१) दफा ४ बमोजिमका विषय क्षेत्रअन्तर्गत देहाय बमोजिमका तीन तहका सूचकहरु रहनेछन्ः-

(क) प्रक्रियाको जोखिम,

(ख) नतिजाको जोखिम,

(ग) वित्तीय अनुशासनको जोखिम।

(२) उपदफा (१) बमोजिमको सूचकको तहको अंकभार अनुसूची-१ बमोजिम हुनेछ।

६. **सूचकको अङ्कभारको गणनाः-** दफा ४ बमोजिमका क्षेत्रको मूल्यांकन दफा ५ बमोजिमको तहका आधारमा मूल्याङ्कन गरिने सूचकको अङ्क गणना अनुसूची-२ र विषयगत मन्त्रालय तथा निकायको वित्तीय जोखिम मूल्याङ्कन नतिजाको ढाँचा अनसूची-३ बमोजिम हुनेछ।

## परिच्छेद- ३

## <u>मूल्याङ्कनका प्रक्रिया तथा अङ्कभार</u>

७. **<u>मूल्याङ्कन प्रक्रियाः</u>** (१) यस कार्यविधि बमोजिम मूल्याङ्कन गर्दा अनुसूची-२ मा उल्लिखित सूचकको हकमा सम्बन्धित विषयगत मन्त्रालय तथा निकायले र प्रदेशको वित्तीय जोखिमको एकिकृत लेखाजोखा तथा मूल्याङ्कनका सूचकहरुको अङ्क गणना अनुसूची-४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन गर्न देहाय बमोजिम समिति गठन गर्न सकिने छ।

**(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हकमाः**

(१) सचिव, शासकीय सुधार महाशाखा - संयोजक

(२) उपसचिव, योजना, अनुगमन तथा आर्थिक पूर्वाधार शाखा - सदस्य

(३) कम्तिमा सातौं तहको अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(४) प्रमुख, आर्थिक प्रशासन शाखा, -सदस्य

(५) सातौं/आठौं तहको अधिकृत, योजना, अनुगमन तथा आर्थिक पूर्वाधार शाखा - सदस्य सचिव

**(ख) विषयगत मन्त्रालय वा निकायको हकमाः**

(१) उपसचिव, योजना महाशाखा - संयोजक

(२) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(३) सातौं/आठौं तहको अधिकृत, प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(४) सातौं/आठौं तहको अधिकृत प्रतिनिधि,

प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(५) सातौं/आठौं तहको अधिकृत, योजना शाखा - सदस्य सचिव

**स्पष्टिकरणः**

१. यस दफाको खण्ड (क) र (ख) बमोजिम गठन हुने समितिमा कुनै मन्त्रालय वा निकायमा योजना महाशाखा/शाखा नभएको हकमा तत् तत् मन्त्रालय वा निकायको प्रशासन महाशाखा/शाखा प्रमुख सदस्य रहनेछ।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको मूल्याङ्कन गर्दा यस दफाको खण्ड (ख) को उपखण्ड ३ मा रहने सदस्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको योजना अनुगमन तथा आर्थिक पूर्वाधार शाखाको कम्तिमा सातौ तहको अधिकृत प्रतिनिधि रहनेछ।

३. उपसचिवस्तरको प्रमुख रहने निकायको हकमा सम्बन्धित निकायको प्रमुखले नै संयोजकको भूमिका निर्वाह गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका समितिबाट मूल्याङ्कन सम्पन्न भएपछि विषयगत मन्त्रालय तथा निकायले अनुसुची-३ बमोजिम र आर्थिक मामिला तथा योजना मन्त्रालयले अनुसूची-५ बमोजिमको ढाँचामा मूल्याङ्कन नतिजा तयार गरी अनुसूची-६ बमोजिम वित्तीय जोखिम अवस्थाको वर्गीकरण गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम मूल्याङ्कन नतिजा प्राप्त भएपछि प्रदेशको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालय र विषयगत मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालय तथा निकायले अनुसूची-७ मा

उल्लिखित विषय समावेश गरी अनुसूची-८ बमोजिम वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना बनाई कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ।

(५) विषयगत मन्त्रालय र निकायले यस कार्यविधि बमोजिम वित्तीय जोखिम मूल्याङ्कन कार्य तेस्रो पक्षबाट गराउन सक्नेछ।

८. **<u>मूल्याङ्कनको समयावधि र प्रतिवेदनः</u>** (१) विषयगत मन्त्रालय र निकायले अनुसूची-२ बमोजिम वित्तीय जोखिम मूल्याङ्कन गरी सोको प्रतिवेदन कार्तिक मसान्तभित्र तयार गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई आधार मानी सबै मूल्याङ्कनका सूचकको आधारमा अङ्क गणना गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन विषयगत मन्त्रालय र निकायले प्रत्येक वर्षको मंसिर पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा पौष मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशको एकीकृत वित्तीय जोखिम मूल्याङ्कन सम्पन्न गरी सोको प्रतिवेदन माघ पन्ध्र गतेभित्र सार्वजनिक गर्नु पर्नेछ।

९. **<u>नतिजाको समीक्षा गर्नुपर्ने</u>**ः (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले मूल्याङ्कन नतिजाको वार्षिक समीक्षा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने वार्षिक समीक्षामा प्रदेश सरकारका निकायका प्रमुख तथा विषयगत मन्त्रालयका सचिव वा निजले तोकेको वरिष्ठ अधिकृत प्रतिनिधिलाई आमन्त्रण गरी सामूहिक रुपमा समिक्षा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने वार्षिक समिक्षामा नेपाल सरकारका सम्बन्धित निकायका प्रतिनिधि तथा अन्य सरोकारवालालाई समेत आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद- ४
## विभिन्न निकायको भूमिका

**११. आर्थिक मामिला तथा योजना मन्त्रालयको भूमिका:**

(क) वित्तीय जोखिम मूल्याङ्कनका सम्बन्धमा बिषयगत मन्त्रालयलाई अभिमुखीकरण गर्ने,

(ख) मन्त्रालयगत रूपमा भएको मूल्याङ्कन नतिजालाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्ने,

(ग) मूल्याङ्कनको अन्तिम नतिजाको आधारमा मन्त्रालयको अवस्था वर्गीकरण गर्ने,

(घ) मूल्याङ्कनको नतिजालाई एकीकृत रूपमा प्रविष्टि, भण्डारण, सुरक्षा, प्रस्तुतीकरण, नतिजा सार्वजनिकीकरण लगायतका कार्यमा सहयोग हुने सफ्टवेयर तयार गरी प्रयोगमा ल्याउने,

(ङ) यस कार्यविधि बमोजिमको प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि सम्बन्धित महाशाखालाई जिम्मेवारी तोक्ने,

(च) नतिजा विश्लेषणको आधारमा विषयगत मन्त्रालयको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गर्ने,

(छ) एकीकृत प्रतिवेदन वेवसाईटमा प्रकाशित गर्ने,

(ज) मूल्याङ्कनबाट कमजोर अवस्था देखिएका मन्त्रालयलाई जोखिम न्यूनीकरण कार्ययोजना बनाई कार्यान्वयन गर्न लगाउने र सो को नियमित रुपमा अनुगमन गर्ने।

१२.**विषयगत मन्त्रालय तथा निकायको भूमिका:**

(क) मन्त्रालय र मातहतका निकायका कर्मचारीलाई मूल्याङ्कनका सूचकका उद्देश्य र विधिबारे अभिमुखीकरण गर्ने,

(ख) मन्त्रालय र मातहतका निकायको वित्तीय जोखिमको मूल्याङ्कन गर्ने,

(ग) मूल्याङ्कनको नतिजा सूचना प्रविधिमा आधारित ढाँचा (सफ्टवेयर) मा प्रविष्टी गर्ने,

(घ) मूल्याङ्कनको नतिजाको प्रारम्भिक प्रतिवेदन र अन्तिम नतिजा उपर मन्त्रालयमा छलफल वा समीक्षा गर्ने र वेबसाइट मार्फत सार्वजनिक गर्ने,

(ङ) मूल्याङ्कनको नतिजाको अन्तिम प्रतिवेदन निर्धारित समयावधिभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उपलब्ध गराउने,

## परिच्छेद- ५

## विविध

१३. **कार्यसम्पादन सूचकको आधारको रूपमा लिन सकिने:** (१) यस कार्यविधि बमोजिम गरिएको मूल्याङ्कन नतिजालाई विषयगत मन्त्रालय तथा निकायको वित्तीय जोखिमको सूचकको रूपमा उपयोग गर्न सकिनेछ।

(२) विषयगत मन्त्रालय तथा निकायलाई बजेटको सीमा उपलब्ध गराउँदा यस कार्यविधि बमोजिमको नतिजालाई आधार लिन सकिनेछ।

१४. **मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चितता:** आर्थिक मामिला तथा योजना मन्त्रालयले मूल्याङ्कनको नतिजाको गुणस्तर  परीक्षण गर्न सक्नेछ।

**१५.** **<u>पुरष्कृत गर्न सक्नेः</u>** वित्तीय जोखिम मूल्याङ्कन नतिजाका आधारमा उत्कृष्ट अङ्क प्राप्त गर्ने मन्त्रालय मातहतका कार्यालयलाई सम्बन्धित विषयगत मन्त्रालयले तथा विषयगत मन्त्रालय र निकायलाई आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक रुपमा पुरष्कृत गर्न सक्नेछ।

**१६.** **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ  उत्पन्न भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१७.** **<u>खारेजी र बचाउः</u>** कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ खारेज गरिएको छ। सो कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

# अनुसूची- १

## (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## सूचकको तहको अङ्कभार

**१. सूचकका तह अनुसारको अङ्कभार:**

| **सूचकका तह** | **भार अनुपात** | **नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार** |
|---|---|---|
| प्रक्रिया | १९ | प्रत्येक सूचकको एक अङ्क हुनेछ। सूचक बमोजिम भएमा एक अङ्क पाउनेछ र सूचक बमोजिम नभएमा शून्य अङ्क दिइनेछ। |
| नतिजा | १७ | |
| वित्तीय अनुशासन जोखिम | २५ | |

**२. प्रदेशको वित्तीय जोखिमको एकीकृत लेखाजोखा मूल्याङ्कनको अङ्कभार**

| सूचक | भार, नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार | | |
|---|---|---|---|
| | सूचकको अवस्था | प्रति सूचक अङ्कभार | कुल अङ्कभार |
| एकीकृत बिषयक्षेत्र अनुसारका सूचकहरु जम्मा २९ | कमजोर | ० | ० |
| | सामान्य | १ | २९ |
| | उत्तम | २ | ५८ |

# अनुसूची- २

## (दफा ६ सँग सम्बन्धित)

## विषयगत मन्त्रालय तथा निकायगत वित्तीय जोखिमको स्थिति लेखाजोखा मूल्याङ्कनका सूचक र अङ्क गणना

### २.१ आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन,

| विवरण | अङ्क भार | | | | प्रमाणीकरणका आधार र स्रोत उल्लेख गर्नुपर्ने |
|---|---|---|---|---|---|
| | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| | | छ (१) | आंशिक छ(०.५) | छैन (०) | |
| **(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १. प्रदेश सभावाट स्वीकृत वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत भएको एक महिनाभित्र योजना/प्रगति अनुगमन प्रणालीमा प्रविष्टि गरी आफ्नो वेबसाइट मार्फत् सार्वजनिक गरेको। (०.५+०.५) | १ | | | | |
| २. मन्त्रालय तथा निकायसँग सम्बन्धित वार्षिक बजेट तथा कार्यक्रम दस्तावेजमा आयोजनाको प्राथमिकीकरण गर्ने गरिएको। | १ | | | | |
| ३.आर्थिक मामिला तथा योजना मन्त्रालयले विनियोजन विधेयक प्रमाणिकरण भएको सात दिन भित्र विषयगत मन्त्रालय र निकायलाई खर्च गर्ने मार्गदर्शन तथा स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन पठाएको।(०.५+०.५) | १ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरिएको। | १ | | | | |
| ५. मातहत निकायलाई ढिलोमा साउन १५ भित्रसम्म खर्चको मार्गदर्शन पठाएको र उक्त मार्गदर्शन आफ्नो वेवसाइटमा समेत सार्वजनिक गरेको। (०.५+०.५) | १ | | | | |
| **जम्मा** | **५** | | | | |
| **(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १. अनिवार्य दायित्वका खर्च शीर्षक र बहुवर्षीय स्रोत सुनिश्चितता भएका आयोजनालाई यथेष्ट बजेट विनियोजन गरेर मात्र नयाँ आयोजना समावेश गर्ने गरेको। | १ | | | | |
| २. विषयगत मन्त्रालय तथा निकायले प्रदेश आवधिक योजनाको आधारमा आयोजना बैङ्कमा रहेका सम्बन्धित आयोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र कार्यान्वयन गर्ने गरेको। | १ | | | | |
| ३. विषयगत मन्त्रालय तथा निकायको लागि विनियोजन भएको तर फागुन मसान्तसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च नहुने बजेट एकिन गरी चैत पन्ध्र गते भित्र | १ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट समर्पण गरेको। | | | | | |
| **जम्मा** | **३** | | | | |
| **(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक** | | | | | |
| १. विषयगत मन्त्रालय तथा निकायले वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्दा अवण्डा बजेट रकम नराखी बजेट तथा कार्यक्रम स्वीकृत गरेको। (अर्थ विविधमा रहने रकमलाई अवण्डाको रुपमा लिइने छैन) | १ | | | | |
| २. नीति तथा कार्यक्रममा परेका विषयगत मन्त्रालय तथा निकायसँग सम्बन्धित विषय कार्यान्वयनमा ल्याउन वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन भएको। | १ | | | | |
| ३. प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भइ कार्यान्वयन हुने आयोजनाहरु वास्तविक माग र आवश्यकताको आधारमा मात्र छनोट भएको। | १ | | | | |
| ४. विषयगत मन्त्रालय तथा निकायले आयोजना छनोट तथा बजेट तर्जुमा गर्नु पूर्व सरोकारवालासँग पूर्व छलफल तथा अन्तरक्रिया गरेको। | १ | | | | |
| ५. वार्षिक कार्यक्रम कार्यान्वयन कार्य योजना तयार भएको। (समयावधी उल्लेख गर्नुपर्ने) | १ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **जम्मा** | ५ | | | | |

## २.२ राजस्व संकलन, परिचालन तथा बाँडफाँट

| विवरण | अङ्क भार | | | | प्रमाणीकरण का आधार र स्रोत उल्लेख गर्नुपर्ने |
|---|---|---|---|---|---|
| | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| | | छ (१) | आंशिक छ (०.५) | छैन (०) | |
| **(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १. पाँच हजार भन्दा बढी रकमको राजस्व बैङ्क मार्फत मात्र संकलन गर्ने गरेको। | १ | | | | |
| २. प्रदेश आर्थिक ऐनमा तोकिएका राजस्व दर मन्त्रालय तथा निकायको वेवसाईट सार्वजनिक गरेको। | १ | | | | |
| **जम्मा** | २ | | | | |
| **(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १. विषयगतमन्त्रालय तथा निकाय र मातहतको कार्यालयबाट गत आ.व. को तुलनामा राजस्व वृद्धि भएको। (बराबर वा कम भए शून्य, पाँच प्रतिशतसम्म भए ०.५ र सो भन्दा बढी भए १ अंक) | १ | | | | |
| २.राजश्व प्रणालीलाई विद्युतीय प्रणालीमा आबद्ध गरी आम्दानी रसिद विद्युतीय प्रणाली (RMIS) बाट जारी गर्ने गरिएको। | १ | | | | |
| ३.सेवाग्राहीले बुझाउनु पर्ने राजस्व कार्यालयमा भौतिक रुपमा उपस्थित नभई विद्युतीय भुक्तानी प्रणालीबाट भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको। | १ | | | | |
| **जम्मा** | ३ | | | | |
| **(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १. प्राप्त भएको नगद राजस्व सोहीदिन वा भोलिपल्ट बैङ्कमा जम्मा हुने गरेको। | १ | | | | |
| २. कानून बमोजिम सेवाग्राहीबाट लिनुपर्ने राजस्व तोकिएभन्दा कम वा बढी रकम नलिएको। | १ | | | | |
| ३. दैनिक रुपमा उठेको राजस्वको सम्बन्धमा दैनिक किताव खडा गरी कार्यालय प्रमुखवाट प्रमाणित गराई राखेको। | १ | | | | |
| **जम्मा** | **३** | | | | |

## २.३ बजेट कार्यान्वयन क्षमता

| विवरण | अङ्क भार | | | | प्रमाणीकरण का आधार र स्रोत उल्लेख गर्नुपर्ने |
|---|---|---|---|---|---|
| | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| | | छ (१) | आंशिक छ (०.५) | छैन (०) | |
| **(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम मन्त्रालय र मातहतका सबै निकायहरूमा खरिद इकाई गठन भई सो इकाई खरिद कार्यमा सक्रिय रहेको। (०.५+०.५) | १ | | | | |
| २. वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना स्वीकृत भई सोही अनुसार कार्यान्वयन भएको। | १ | | | | |
| ३. बीस हजार भन्दा बढीको खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएको विक्रेताबाट मात्र खरिद गर्ने गरेको तथा सो कार्यलाई छल्ने उद्देश्यले बिजक टुक्राउने नगरिएको। | १ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. कर्मचारीको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी हुने गरेको। | १ | | | | |
| **जम्मा** | ४ | | | | |
| **(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १. वार्षिक बजेट र कार्यक्रमको स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च नगरिएको। | १ | | | | |
| २.चौथो त्रैमासिकमा कूल खर्चको ३० प्रतिशत ननाघ्ने गरी मात्र खर्च भएको। | १ | | | | |
| ३. विनियोजित बजेटको कम्तीमा ८० प्रतिशत प्रगति (वित्तीय र भौतिक सहित) भएको। | १ | | | | |
| ४. असार महिनामा कुल खर्चको २० प्रतिशत भन्दा कम खर्च भएको तथा आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन पहिले खाता बन्दी गरी सो अवधि पश्चात् निकासा माग नगरिएको। | १ | | | | |
| ५. विषयगत मन्त्रालय तथा निकाय मातहतका सबै कार्यालयको रिक्त स्थायी दरबन्दीहरूमा तोकिएको समयमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग आकृति फारम भरी पठाइएको। | १ | | | | |
| **जम्मा** | **५** | | | | |
| **(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक** | | | | | |
| १. म्याद नाघेको पेश्की फर्छ्यौट | १ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| गर्न तथा धरौटी सदरस्याहा गर्न बाँकी नभएको। (०.५+०.५) | | | | | |
| २. नेपाल सरकारबाट प्राप्त सशर्त, विशेष र समपुरक अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च भएको। | १ | | | | |
| ३. जिन्सी सम्पतिको विवरण सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट भएको र जिन्सी निरीक्षण गरी समयमा प्रतिवेदन गरिएको। (०.५+०.५) | १ | | | | |
| ४. उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा निर्माण व्यवसायी प्रयोग नगरी खरिद कार्य गरेको। | १ | | | | |
| ५. विगत आ.व.हरुको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न बाँकि नरहेको | १ | | | | |
| ६. आन्तरिक नियन्त्रण समिति गठन भई क्रियाशील रहेको। | १ | | | | |
| ७. म्याद समाप्त भएका ठेक्काको म्याद थप भएको। | १ | | | | |
| ८.ठेक्का सम्बन्धी अभिलेख स्पष्ट रुपमा राखिएको। | १ | | | | |
| **जम्मा** | ८ | | | | |

## २.४ लेखाङ्कन लेखापरीक्षण तथा प्रतिवेदन

| विवरण | अङ्क भार | प्रमाणीकरण |
|---|---|---|

| | पूर्णाङ्क | प्राप्ताङ्क | | | का आधार र स्रोत उल्लेख गर्नुपर्ने |
|---|---|---|---|---|---|
| | | छ (१) | आंशिक छ (०.५) | छैन (०) | |
| **(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १.आर्थिक वर्ष समाप्त भएको पैतिस दिनभित्र विनियोजन, राजस्व, धरौटी, विविध तथा जिन्सी सम्बन्धी वार्षिक आर्थिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा ईकाइ कार्यालय मा पेश गरेको। | १ | | | | |
| २. प्रदेश सरकारबाट स्वीकृत निर्देशिका तथा कार्यविधिहरू सम्बन्धित मन्त्रालयले वेबसाईट मार्फत सार्वजनिक गरेको। | १ | | | | |
| **जम्मा** | २ | | | | |
| **(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १. जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मिनाहा तथा मर्मत गर्नुपर्ने भनी औंल्याइएको मालसमान समयमै कार्य प्रक्रिया थालनी गरेको | १ | | | | |
| २. पुँजीगत खर्च तर्फका शिर्षकमा विनियोजन भएको रकम चालु खर्च तर्फका शिर्षकमा रकमान्तर नगरिएको | १ | | | | |
| **जम्मा** | २ | | | | |

| **(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक** | | | | | |
|---|---|---|---|---|---|
| १. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को उपदफा ३ बमोजिम (१) गत आ.व. भन्दा अघिल्लो आ.व.को आय व्ययको बजेट कार्यान्वयनको बारेमा चालु आ.व. कार्तिक मसान्तभित्रमा वार्षिक प्रगति समीक्षा गरी समीक्षा प्रतिवेदनलाई वेबसाइट मार्फत सार्वजनिक गरिएको। | १ | | | | |
| २. रकमान्तर गर्दा प्रचलित कानूनले तोकेको सीमाभन्दा बाहिर गएर रकमान्तर नगरिएको। | १ | | | | |
| ३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र ६ बमोजिम सूचना अधिकारीको व्यवस्था बमोजिम आफ्नो निकायसम्बन्धी सूचना प्रत्येक ३ महिनामा अद्यावधिक गरी प्रकाशन गरेको। | १ | | | | |
| ४. विषयगत मन्त्रालय तथा निकाय र मातहतका कार्यालयमा कार्यरत कर्मचारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र सम्पत्तिको विवरण बुझाएको। (नयाँ नियुक्त हुने कर्मचारीको हकमा नियुक्ती मितिले साठी दिन भित्र) | १ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.प्रदेश तहमा निर्वाचित तथा मनोनित लाभको पद धारण गरेका पदाधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र सम्पत्ति विवरण सम्वन्धित निकायमा पठाएको। (नयाँ नियुक्त हुने पदाधिकारीको हकमा नियुक्ती मितिले साठी दिन भित्र) | १ | | | | |
| ६. सरकारी सवारी साधनहरु प्रयोग गरिएको र इन्धन खर्चको विवरण अधावधिक राखिएको। | १ | | | | |
| ७. सरकारी सम्पत्तिको अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र प्रयोग हुने गरेको र यस्तो अभिलेखको विवरण अद्यावधिक राख्ने गरेको। | १ | | | | |
| **जम्मा** | ७ | | | | |

## २.५ अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

| विवरण | अङ्क भार | | | | प्रमाणीकरणका आधार र स्रोत उल्लेख गर्नुपर्ने |
|---|---|---|---|---|---|
| | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| | | छ (१) | आंशिक छ (०.५) | छैन (०) | |
| **(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १.विषयगत मन्त्रालय तथा निकायले मातहतका कार्यालयहरु समेतको बजेट तथा कार्यक्रम कार्यान्वयनको त्रैमासिक र | १ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| वार्षिक प्रगति समीक्षा गरिएको। | | | | | |
| २. आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गरिएको। | १ | | | | |
| ३. कार्यालय परिसरभित्र सबैले देख्ने स्थानमा अद्यावधिक नागरिक बडापत्र राखिएको। | १ | | | | |
| ४.महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याईएका विषयहरुको प्रतिक्रिया ३५ दिन भित्र महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको। | १ | | | | |
| ५. प्रदेश लेखा नियन्त्रक कार्यालयको वेरुजु व्यवस्थापन सूचना प्रणालीमा बेरुजुको लगत प्रविष्ट गरिएको। | १ | | | | |
| ६. आयोजनाको अनुगमनमा खटिने कर्मचारीले अनुगमन पश्चात अनुगमनको उद्देश्य, उपलब्धि, समस्या र सुझाव सहितको प्रतिवेदन पेश गर्ने गरेको र सोको कार्यान्वयन हुने गरेको। | १ | | | | |
| **जम्मा** | ६ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक** | | | | | |
| १. गत आर्थिक वर्षसम्मको कूल बेरुजुको कम्तिमा पचास प्रतिशत बेरुजु सम्परीक्षण गरिएको। | १ | | | | |
| २. कार्यालयबाट सम्पादन भएको काम कारबाहीको विषयमा सर्वसाधारणले जानकारी माग गरेमा सोको जानकारी सुचना अधिकारी मार्फत सुचना दिने गरिएको। | १ | | | | |
| ३. कार्यालयको सेवा प्रवाहको सम्बन्धमा वर्षको कम्तीमा एकपटक सार्वजनिक सुनुवाइ गर्ने गरिएको। | १ | | | | |
| ४. विषयगत मन्त्रालय तथा निकाय र मातहतका कार्यालयबाट हुने गरेको काम कारबाहीको विषयलाई अनुगमन गर्न वार्षिक अनुगमन कार्ययोजना तयार गरी कार्ययोजना बमोजिम अनुगमन हुने गरेको। | १ | | | | |
| **जम्मा** | ४ | | | | |
| **(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक** | | | | | |
| १. आर्थिक कारोवारको लेखा परीक्षण प्रतिवेदनमा वेरुजुको अंक गत आ.व. को तुलनामा दुई प्रतिशत भन्दा कम रहेको। | १ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य सम्पादन, वित्तीय प्रणाली व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली लागु गरिएको। | १ | | | | |
| **जम्मा** | २ | | | | |
| **कुल जम्मा प्राप्ताङ्क (क)** | ६१ | | | | |
| **असान्दर्भिक सूचक संख्या अनुरुपको पुर्णांक (ख) (सूचकको क्रमसंख्या उल्लेख गर्नुपर्ने)** | - | | | | |
| **खुद जम्मा प्राप्ताङ्क (क-ख)** | ........ | | | | |

**<u>द्रष्टव्यः</u>** १. माथि उल्लिखित सूचकहरु कुनै विषयगत मन्त्रालय वा निकायमा मूल्याङ्कन प्रयोजनको लागि सान्दर्भिक नभएमा मूल्याङ्कनको अंक भार घटाई कुल जम्मा पूर्णाङ्क निर्धारण हुने र सोहि बमोजिम प्राप्ताङ्क प्रतिशत गणना गरिनेछ।

**अनुसूची- ३**

**(दफा ६ सँग सम्बन्धित)**

**विषयगत मन्त्रालय तथा निकायको वित्तीय जोखिम मूल्याङ्कन नतिजाको ढाँचा**

मन्त्रालय/निकायको नामः...................................

| सि.न. | विषय क्षेत्र | सूचक क्षेत्र कूल संख्या/अंक | सूचक क्षेत्रगत संख्या/अंक र प्राप्ताङ्क | सूचकगत प्राप्ताङ्क | | | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रक्रियाको सूचक | नीतिजाको सूचक | वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक | |
| १ | **सूचक क्षेत्र १:** आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन, | १३ | तह संख्या≥ | ५ | ३ | ५ | |
| | | | प्राप्ताङ्क ≥ | | | | |
| २ | **सूचक क्षेत्र २:** राजश्व सङ्कलन परिचालन तथा | ८ | तह संख्या≥ | २ | ३ | ३ | |
| | | | प्राप्ताङ्क ≥ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बाँडफाँट | | | | | | |
| ३ | **सूचक क्षेत्र ३:** बजेट कार्यान्वयन क्षमता | १७ | तह संख्या≥ | ४ | ५ | ८ | |
| | | | प्राप्ताङ्क ≥ | | | | |
| ४ | **सूचक क्षेत्र ४:** लेखाङ्कन लेखापरीक्षण र प्रतिवेदन | ११ | तह संख्या≥ | २ | २ | ७ | |
| | | | प्राप्ताङ्क ≥ | | | | |
| ५ | **सूचक क्षेत्र ५:** अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन | १२ | तह संख्या≥ | ६ | ४ | २ | |
| | | | प्राप्ताङ्क ≥ | | | | |
| **कुल जम्मा** | | ६१ | | | | | |

**अनुसूची -४**
**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**प्रदेशको वित्तीय जोखिमको एकीकृत लेखाजोखा मूल्याङ्कनका सूचकहरू र अङ्क गणना**

१. **आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजनः**

| **सूचक** | **नतिजाका आधार** | | | | **नतिजा** | **प्राप्ताङ्क** |
|---|---|---|---|---|---|---|
| | **कमजोर (०)** | **सामान्य (१)** | **उत्तम (२)** | **प्रमाणीकरणको आधार र स्रोत** | | |
| १. आर्थिक कार्यविधि कानून तर्जुमा | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा नभएको। | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा भएको। (आधार १) | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा गरी यसलाई कार्यान्वयनमा ल्याइएको। (आधार १) | १. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको राजपत्र, | | |
| २. आवधिक योजना | आवधिक योजना निर्माण नभएको। | आवधिक योजना निर्माण भई यसको | आवधिक योजनाका आधारमा निर्माण गरिएको परियोजना बैङ्कलाई वार्षिक योजनामार्फत | १. आवधिक योजना २. परियोज | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आधारमा परियोजना बैङ्कमा आयोजना प्रविष्टि गरिएको । (आधार १,२) | कार्यान्वयनमा ल्याइएको। (आधार १,२,३) | ना बैङ्क ३. वार्षिक विकास कार्यक्रम | | |
| ३.मध्यमकालीन खर्च संरचना | मध्यमकालीन खर्च संरचना निर्माण नभएको। | मध्यम कालीन खर्च संरचना तयार गर्दा आवधिक योजनामा आधारित रहेको। (आधार १,२) | आवधिक योजनामा आधारित मध्यमकालीन खर्च संरचनालाई बार्षिक बजेट मार्फत कार्यान्वयनमा ल्याइएको। (आधार १,२,३ र ४) | १.आवधिक योजनाका दस्तावेज २.मध्यम कालीन खर्च संरचना ३.सभामा पेस भएको ४.वार्षिक विकास कार्यक्रम | | |
| ४.वार्षिक नीति तथा कार्यक्रम तर्जुमा | बार्षिक बजेट सभामा पेस हुनु पूर्व नीति | बार्षिक बजेट सभामा पेस हुनु पूर्व नीति | आवधिक योजना, मध्यमकालीन खर्च संरचनाको आधारमा वार्षिक नीति तथा कार्यक्रम तयार | १.आवधिक योजना र मध्यमकालीन खर्च | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा कार्यक्रम पारित नभएको | तथा कार्यक्रम पारित भएको (आधार १) | गरिएको (आधार १,२) | संरचना २.प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम | | |
| ५. वार्षिक बजेट तर्जुमा र विनियोजन | असार १ गतेसम्म वार्षिक बजेट सभामा पेस नभएको | असार १ गतेसम्म वार्षिक बजेट तयार गरी सभामा पेस भएको | • बजेट तर्जुमा मार्गदर्शनको परिपालना भएको।<br>• अघिल्लो आ.व.को तुलनामा चालु खर्चमा विनियोजन गरिएको रकमको अनुपातको तुलनामा पूँजीगत खर्च तर्फको अनुपात वृद्धि भएको।<br>• गत आ.व. को तुलनामा अवण्डा बजेट कम प्रस्ताव गरिएको। | १.बजेट वक्तव्य २.व्यय अनुमान ३.वार्षिक विकास कार्यक्रम | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.वित्तीय हस्तान्तरण सम्बन्धी कानून | वित्तीय हस्तान्तरण सम्बन्धी कानून तर्जुमा नगरेको। | वित्तीय हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरेको।(आधार १) | ऐनमा व्यवस्था भएबमोजिम विषयगत अनुदानको कार्यविधि वा मापदण्ड तर्जुमा गरी अनुदान हस्तान्तरण गर्दा सूचना प्रविधिको प्रयोग भएको।(आधार १,२ र ३) | १.राजपत्रमा प्रकाशित ऐन<br>२.विषयगत कार्यविधि वा मापदण्ड<br>३.विद्युतीय प्रणाली | | |
| ६.वित्तीय समानीकरण अनुदान | प्रदेशबाट स्थानीय तहमा वित्तीय समानीकरण अनुदानको सीमा **चैत्र मसान्त भित्र** निर्धारण नगरेको। | प्रदेशबाट स्थानीय तहमा वित्तीय समानीकरण अनुदान को सीमा **चैत्र मसान्त भित्र** निर्धारण गरेको। (आधार १) | वित्त आयोगको सिफारिस मुताविक नै सबै स्थानीय तहमा **चैत्र मसान्त भित्र** वित्तीय समानीकरण अनुदानको सीमा निर्धारण गरी सोको जानकारी स्थानीय तहमा पठाईएको। (आधार १ र २) | १.वित्तीय समानीकरण अनुदान को सीमा निर्धारण भएको।<br>२. वित्त आयोगबाट भएको सिफारिस अनुसार चैत्र मसान्त भित्र सबै स्थानीय तहलाई | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सीमा निर्धारण को जानकारी पठाएको पत्र। | | |
| ७. ससर्त, विशेष र समपुरक अनुदान सम्बन्धी कार्यविधि, निर्देशिका र मापदण्ड | प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने ससर्त, विशेष र समपुरक अनुदान वितरण सम्बन्धी कार्यविधी, निर्देशिका, मापदण्ड तर्जुमा नभएको। | प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने ससर्त विशेष र समपुरक अनुदान वितरण सम्बन्धी कार्यविधी, निर्देशिका, मापदण्ड तर्जुमा भएको। (आधार १) | प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने ससर्त विशेष र समपुरक अनुदान सम्बन्धी कार्यविधी तर्जुमा गरी विद्युतीय प्रणाली मार्फत अनुदान हस्तान्तरण हुने गरेको। (आधार १,२ र ३) | १.ससर्त, विशेष र समपुरक अनुदान सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड, २. सूचना प्रणालीको विकास, ३.अनुदान कार्यान्वयन मार्गदर्शन, | | |
| ८. विशेष अनुदान | गत आ.व.मा नेपाल | गत आ.व.मा नेपाल | गत आ.व. मा नेपाल सरकारबाट प्राप्त विशेष | १.वार्षिक प्रगति समीक्षा | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सरकारबाट प्राप्त विशेष अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको। | सरकार बाट प्राप्त विशेष अनुदान को रकम ५० प्रतिशत भन्दा बढी ७५ प्रतिशतभन्दा कम खर्च भएको। (आधार १) | अनुदानको रकम ७५ प्रतिशत भन्दा माथि खर्च भएको। (आधार १ र २) | प्रतिवेदन २.वार्षिक आर्थिक विवरण | | |
| ८.समपूरक अनुदान | गत आ.व.मा नेपाल सरकारबाट प्राप्त समपूरक अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको। | गत आ.व.मा नेपाल सरकार बाट प्राप्त समपूरक अनुदान को रकम ५० प्रतिशत | गत आ.व. मा नेपाल सरकारबाट प्राप्त समपुरक अनुदानको रकम ७५ प्रतिशत भन्दा माथि खर्च भएको। (आधार १ र २) | १.वार्षिक प्रगति समीक्षा प्रतिवेदन २.वार्षिक आर्थिक विवरण | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भन्दा बढी ७५ प्रतिशतभन्दा कम खर्च भएको। (आधार १) | | | | |
| ९.ससर्त अनुदान | गत आ.व.मा नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको। | गत आ.व.मा नेपाल सरकार बाट प्राप्त ससर्त अनुदान को रकम ५० प्रतिशत भन्दा बढी ७५ प्रतिशतभन्दा कम खर्च भएको। | गत आ.व. मा नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानको रकम तोकिएको क्षेत्रमा सर्त बमोजिम ७५ प्रतिशत भन्दा माथि खर्च भएको। (आधार १ र २) | १.वार्षिक प्रगति समीक्षा प्रतिवेदन २.वार्षिक आर्थिक विवरण | | |
| १०. समपुरक, विशेष र | नेपाल सरकारबाट प्रदेश | नेपाल सरकार बाट | नेपाल सरकारबाट प्रदेश सरकारलाई र प्रदेश सरकारबाट | १.बैङ्क दाखिला भौचर | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ससर्त अनुदान तर्फको बचत रकम फिर्ता/दाखिला | सरकारलाई र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको रकम मध्ये खर्च नभई बाँकि रहेको रकम तत् तत् तहको सञ्चित कोषमा दाखिला नभएको। | प्रदेश सरकार लाई र प्रदेश सरकार बाट स्थानीय तहलाई हस्तान्तरण भएको रकम मध्ये खर्च नभई बाँकि रहेको रकम तत् तत् तहको सञ्चित कोषमा आ.व. समाप्त भएको एक महिना भित्र दाखिला भएको। | स्थानीय तहलाई हस्तान्तरण भएको रकम मध्ये खर्च नभई बाँकि रहेको रकम तत् तत् तहको सञ्चित कोषमा सोही आर्थिक वर्षभित्र दाखिला भएको। (आधार १,२ र ३) | २.RMIS Report /Bank Statement ३.वार्षिक आर्थिक विवरण | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | (आधार १,२ र ३) | | | | |

## २. राजस्व सङ्कलन, परिचालन तथा बाँडफाँट

| सूचक | नतिजा | | | | नतिजा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य(१) | उत्तम(२) | प्रमाणीकरण को आधार र स्रोत | | |
| १.राजस्व संकलन | प्रदेशको आन्तरिक आय गत आ.व.मा भन्दा नबढेको | प्रदेशको आन्तरिक आय गत आवमा भन्दा पाँच प्रतिशतभन्दा कमले बढेको (आधार १) | प्रदेशको आन्तरिक आय गत आ.व.मा भन्दा पाँच प्रतिशतभन्दा बढीले बढेको (आधार १) | १.प्रदेश सरकारको वार्षिक आर्थिक विवरण | | |
| २.राजस्व बाँडफाँटको रकम | सवारी साधनको करबाट सङ्कलित रकम स्थानीय तहलाई वितरण नगरेको। स्थानीय तहबाट प्राप्त गर्नुपर्ने मनोरञ्जन कर, विज्ञापन कर, घर जग्गा दर्ता | सवारी साधनको स्थानीय तहको हिस्सा स्थानीय तहलाई उपलब्ध गराइएको (आधार १) | सवारी साधन करको स्थानीय तहको हिस्सा उपलब्ध गराईएको र स्थानीय तहबाट प्राप्तगर्नुपर्ने साझा अधिकारको करको हिस्सा प्रदेशले प्राप्त | १.प्रदेश सरकारबाट स्थानीय तहलाई सवारी साधन कर स्थानीय तहमा बाँडफाँट भएको प्रतिवेदन। २.स्थानीय तहबाट | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | करबाट पाउनुपर्ने रकम प्राप्त नगरेको। | | गरेको। (आधार १ र २) | सङ्कलन गरेको कर/शुल्क /दस्तुर प्रदेश सरकारलाई बाँडफाँट गरेको प्रतिवेदन। | | |
| ३.राजस्व बाँड फाँट को रकम को विकासमा उपयोग | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ बमोजिम प्रदेशले आफूले उठाएको राजस्व राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमसहितको कुल राजस्व रकम प्रशासनिक खर्चमा मात्र उपयोग गरेको | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ बमोजिम प्रदेशले आफूले उठाएको राजस्व राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ बमोजिम प्रदेशले आफूले उठाएको राजस्व राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण | १.बजेट पुस्तिका २.प्रदेश सरकारको वार्षिक समीक्षा प्रतिवेदन र वार्षिक आर्थिक विवरण | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विकास निर्माण कार्यमा उपयोग गरेको (आधार १) | कार्यमा उपयोग गरेको र यस्तो रकमको हिस्सा गत आवमा भन्दा चालु आवमा बढी रहेको (आधार २) | | | |

**३. बजेट कार्यान्वयन क्षमताः**

| सूचक | नतिजा | | | | नतिजा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | **कमजोर (०)** | **सामान्य (१)** | **उत्तम (२)** | **प्रमाणीकरणको आधार र स्रोत** | | |
| १.खर्च मापदण्ड | प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्म्स) तयार नभएको। | प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्म्स) तयार भएको। (आधार १) | खर्च मापदण्ड कार्यान्वयनमा आएको। (आधार १,२) | १.खर्च मापदण्डको प्रदेश राजपत्र | | |
| २.बजेट तथा कार्यक्रम कार्यान्वयन | कानूनले तोकेको अवधि भित्र मार्गदर्शन तयार गरी विषयगत मन्त्रालय तथा निकायमा | कानूनले तोकेको अवधि भित्र मार्गदर्शन तयार गरी विषयगत मन्त्रालय | विषयगत मन्त्रालय/निकायबाट समेत मातहतका कार्यालयलाई समेत परिपत्र | १. बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २.विषयगत मन्त्रालयबा | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मार्गदर्शन | परिपत्र नगरेको। | तथा निकायमा परिपत्र गरी वेवसाइटमा समेत प्रकाशन गरेको। (आधार १) | गरेको (आधार १ र २) | ट मातहतका निकायलाई गरिएको परिपत्र | | |
| ३.वार्षिक खरिद योजना वा खरिद गुरूयोजना | विषयगत मन्त्रालय तथा निकायहरूले वार्षिक खरिद योजना वा खरिद गुरूयोजना स्वीकृत नगरेको। | विषयगत मन्त्रालय तथा निकायहरूले वार्षिक खरिद योजना वा खरिद गुरूयोजना स्वीकृत गरेको। (आधार १) | स्वीकृत वार्षिक खरिद योजना वा खरिद गुरूयोजना बमोजिम खरिद कार्य भई वस्तु वा सेवा प्राप्त हुने गरेको। (आधार १,२) | १.स्वीकृत वार्षिक खरिद योजना तथा गुरूयोजना २. वार्षिक खरिदको अवस्था | | |
| ४.वित्तीय प्रगति | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ५० प्रतिशत सम्म रहेको | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ७० प्रतिशतसम्म रहेको (आधार १) | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ७० प्रतिशतभन्दा बढी रहेको (आधार १) | १.वार्षिक मूल्याङ्कन प्रतिवेदन | | |

## ४. लेखाङ्कन लेखापरीक्षण र प्रतिवेदन

| सूचक | नतिजा | | | | नतिजा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरण को आधार र स्रोत | | |
| १.प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणाली को प्रयोग | प्रदेश सरकारका प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणाली लाई प्रयोगमा नल्याएको। | प्रदेश सरकारको सबै निकायले प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणाली प्रयोगमा ल्याएको (आधार १) | प्रदेश सरकारको बजेट प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणाली मार्फत प्रविष्ट भएको र खर्चको लागि एकिकृत सरकारी लेखा प्रणाली प्रयोगमा ल्याएको (आधार १) | १.प्रदेश सरकारको वार्षिक प्रगती प्रतिवेदन | | |
| २.आय व्यय को प्रक्षेप | प्रचलित कानून बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका लागि आय-व्ययको | प्रचलित कानून बमोजिम प्रदेशले आगामी | प्रचलित कानून बमोजिम प्रदेशले आगामी | १.आय व्ययको प्रक्षेपण २.अर्थ मन्त्रालयमा | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ण | प्रक्षेपण नगरेको | आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरी आफ्नो वेबसाइटमा राखेको (आधार १) | आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरी प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण चालु आर्थिक वर्षको पौष मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पेस गरेको र यसलाई आफ्नो वेबसाइटमा समेत राखेको (आधार १-२) | पठाइएको प्रमाण | | |
| ३.वार्षिक प्रगति समीक्षा | प्रचलित कानून बमोजिम आय व्यय र बजेट कार्यान्वयनको बारेमा गत | प्रचलित कानून बमोजिम गत आ.व.को | प्रचलित कानून बमोजिम गत आ.व.मा | १.वार्षिक प्रगति समीक्षा प्रतिवेदन २.वेबसाइट | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आ.व.को कार्तिक मसान्तसम्म वार्षिक समीक्षा नगरेको | कार्तिक मसान्तसम्म वार्षिक समीक्षा गरेको (आधार १) | वार्षिक समीक्षा गरी कार्तिक मसान्तभित्रमा वार्षिक प्रगति समीक्षा प्रतिवेदनलाई वेबसाइटबाट सार्वजनिक गरिएको (आधार १,२) | को प्रमाण | | |
| ४.चौमासिक प्रगति समीक्षा | प्रचलित कानून बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालयसमक्ष पेस नगरेको | प्रचलित कानून बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको | प्रचलित कानून बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको | १.चौमासिक प्रगति प्रतिवेदन<br>२. प्रतिवेदन पेश गरेको पत्र<br>३.वेबसाइटको प्रमाण | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | एक महिनाभित्र संघीय अर्थ मन्त्रालय समक्ष पेस गरेको (आधार १) | एक महिनाभित्र संघीय अर्थ मन्त्रालय समक्ष पेस गरी आफ्नो वेबसाइटबाट समेत यसलाई सार्वजनिक गरेको (आधार १,२) | | | |
| ५.सञ्चित कोष प्रतिवेदन | प्रदेश सञ्चित कोषको आय-व्ययको चौमासिक विवरण महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी चौमासिक अवधि सकिएको ३० दिनभित्र संघीय अर्थ मन्त्रालयमा पेस नगरेको। | प्रदेश सञ्चित कोषको आय-व्ययको चौमासिक विवरण महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी चौमासिक अवधि सकिएको | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा ३२ प्रदेश सञ्चित कोषको आय-व्ययको चौमासिक विवरण (१) महालेखा परीक्षकको कार्यालयबा | १.सञ्चित कोषको विवरण पठाएको प्रमाण, २.वेबसाइटमा रहेको सञ्चित कोषको प्रतिवेदन | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३० दिनभित्र संघीय अर्थ मन्त्रालयमा पेस गरेको। (आधार १) | ट स्वीकृत ढाँचामा तयार गरी (२) चौमासिक अवधि सकिएको ३० दिनभित्र संघीय अर्थ मन्त्रालयमा पेस गरेको र यसलाई वेवसाइटमा समेत सार्वजनिक गरेको। (आधार १ ,२) | | | |
| ६.बेरूजु | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजुका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजुका सम्बन्धमा प्रदेश सभाको लेखा | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजुका सम्बन्धमा प्रदेश सभाको लेखा | १.लेखा समितिको प्रतिवेदन। २.प्रतिवेदन बाट दिइएका सुझाव कम्तीमा पचास प्रतिशत | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नभएको। | समितिमा छलफल भएको। (आधार १) | समितिमा छलफल भई प्राप्त सुझाव कार्यान्वयनमा आएको। (आधार १,२) | कार्यान्वयन गरेको प्रमाण। | | |
| ७.सम्पत्तिको अभिलेख | प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार नभएको। | प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अध्यावधिक एकीकृत विवरण तयार भएको। (आधार १) | प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार गरी वेबसाइटमा समेत सार्वजनिक गरिएको। (आधार १,२) | १.एकीकृत सम्पत्ति विवरणको प्रतिवेदन<br>२.प्रदेशको वार्षिक आर्थिक विवरण<br>३. वेवसाइट | | |

**५.अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

| सूचक | नतिजा | | | | नतिजा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य(१) | उत्तम(२) | प्रमाणीकरणको | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | **आधार र स्रोत** | | |
| १.अनुगमन तथा सुपरिवेक्षण योजना | मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार नगरेको। | मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरेको (आधार १) | मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरी कार्यान्वयनमा ल्याएको (आधार १,२) | १.अनुगमन तथा सुपरिवेक्षण योजना २. अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन | | |
| २.बेरुजु | प्रदेशको समष्टिगत बेरुजु कुल आर्थिक कारोबारको २ प्रतिशतभन्दा बढी रहेको | प्रदेशको समष्टिगत बेरुजू कूल आर्थिक कारोबारको २ प्रतिशत भन्दा कम रहेको (आधार १) | प्रदेशको समष्टिगत बेरुजू कूल आर्थिक कारोबारको २ प्रतिशत भन्दा कम रहेको र सरकारी बाँकि सरह असुल गर्नुपर्ने बेरुजु शून्य रहेको (आधार १) | १.महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन | | |
| ३.आचार संहिता | प्रदेश सरकारले सार्वजनिक पदाधिकारीको | प्रदेश सरकारले सार्वजनिक | प्रदेश सरकारले सार्वजनिक पदाधिकारीको | १.आचार संहिता | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आचार संहिता तयार नगरेको। | पदाधिकारीको आचार संहिता तयार गरेको (आधार १) | आचार संहिता तयार गर्नका साथै आचार संहितामा वित्तीय आचार संहिताका विषय समेत समावेश भई कार्यान्वयनमा ल्याइएको। (आधार १ ) | को दस्तावेज | | |

**अनुसूची- ५**

**(दफा ७ उपदफा (३) सँग सम्वन्धित)**

**प्रदेशको वित्तीय जोखिम एकीकृत लेखाजोखा मूल्याङ्कनको ढाँचा**

| सूचकहरु | सूचक संख्या | अङ्कभार | अङ्कभार | | | जम्मा प्राप्ताङ्क (सूचकX अङ्कभार) |
|---|---|---|---|---|---|---|
| | | | कमजोर सूचक (०) | सामान्य सूचक (१) | उत्तम सूचक (२) | |
| सूचक क्षेत्र १: आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन | १२ | २४ | | | | |
| सूचक क्षेत्र २: राजश्व सङ्कलन परिचालन तथा बाँडफाँट | ३ | ६ | | | | |
| सूचक क्षेत्र ३: बजेट कार्यान्वयन क्षमता | ४ | ८ | | | | |
| सूचक क्षेत्र ४: लेखाङ्कन लेखापरीक्षण र प्रतिवेदन | ७ | १४ | | | | |
| सूचक क्षेत्र ५: अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन | ३ | ६ | | | | |
| **कुल जम्मा** | २९ | ५८ | | | | |

## अनुसूची- ६

### (दफा ७ को उपदफा (३) सँग सम्वन्धित)

### प्रदेशको वित्तीय जोखिम मूल्याङ्कन अवस्था वर्गीकरण

| प्राप्ताङ्क प्रतिशत | मूल्याङ्कन |
|---|---|
| चालीस प्रतिशतसम्म | उच्च जोखिम |
| चालीस देखि माथि साठी प्रतिशतसम्म | मध्य जोखिम |
| साठी देखि माथि असी प्रतिशतसम्म | न्यून जोखिम |
| असी प्रतिशत भन्दा माथि | सामान्य जोखिम |

## अनुसूची- ७

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

**वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनामा समावेश हुने विषय**

१. पृष्ठभूमि

२. लक्ष्य

३. उद्देश्य

४. वित्तीय जोखिमको परिचय

५. सार्बजनिक वित्तीय व्यवस्थापन तथा वित्तीय जोखिमका आयामहरू

६. वित्तीय जोखिमका प्रकार, तह तथा श्रेणीहरु

७. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनाको रणनीतिक प्राथमिकताहरु

८. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनाको दायरा

९. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनाको अवधी

१०. सार्बजनिक वित्तीय व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरु, संस्थागत सम्बन्ध तथा नागरिक सहभागिताको पद्धति

११. वित्तीय जोखिम मूल्याङ्कन सारांश

१२. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा प्रक्रिया

१३. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना कार्यान्वयन तथा अनुगमन योजना

१४. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा फाराम

# अनुसूची ८

## (दफा ७ को उपदफा (४) संग सम्बन्धित)

## वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना फाराम

## १. आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन

| अपेक्षित नतिजा १: योजना, बजेट तथा कार्यक्रम प्रभावकारी भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका सम्भावित जोखिमहरु | जोखिमको वर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय | समयसीमा | माइलस्टोन/मापनको आधार र स्रोतहरु | जिम्मेवार व्यक्ति/निकाय |
| १.१ योजना प्रक्रियामा सुदृढीकरण | १.१.१. | आवधिक योजनामा आधारित भएर बार्षिक योजना तथा कार्यक्रम तयार नहुने | मध्यम | आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट बीच तालमेल गर्ने | | प्रदेश तथा मन्त्रालयगत मध्यमकालीन खर्च संरचनाहरु तयार भएको | |
| | १.१.२. | | | | | | |
| | १.१.३ | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२ | १.२.१ | | | | | | |
| | १.२.२ | | | | | | |
| १.३ | १.३.१ | | | | | | |
| | १.३.२ | | | | | | |

**२. राजश्व सङ्कलन परिचालन तथा बाँडफाँट**

| **अपेक्षित नतिजा २ : राजश्व सङ्कलन परिचालन र बाँडफाँटमा सुधार भएको हुने** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका सम्भावित जोखिमहरु | जोखिमको बर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय | समयसीमा | माइलस्टोन/मापनको आधार र स्रोतहरु | जिम्मेवार व्यक्ति/निकाय |
| २.१ प्रदेशको आन्तरिक राजश्वको सङ्कलन वृद्धि हुने | २.१.१. | संकलित राजश्व बाँडफाँट नहुने र सबै क्षेत्रबाट राजश्व सङ्कलन हुन नसक्ने | मध्यम | राजश्व सङ्कलनको कार्ययोजना र अनुगमन प्रणालीलाई संस्थागत गर्ने | | विगत आ.व.को तुलनामा प्रदेशको आन्तरिक आम्दानी वृद्धि भएको हुने | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २.१.२ | | | | | | |
| | २.२.१ | | | | | | |
| २.२. | २.२.२. | | | | | | |
| | २.३.१ | | | | | | |
| २.३ | २.३.२ | | | | | | |

## ३. बजेट कार्यान्वयन क्षमता

| **अपेक्षित नतिजा ३ : बजेट कार्यान्वयन क्षमता बढोत्तरी भएको हुने।** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका सम्भावित जोखिमहरु | जोखिमको बर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय | समय सीमा | माइलस्टोन/मापनको आधार र स्रोतहरु | जिम्मेवार व्यक्ति/निकाय |
| २.१ प्रदेश अन्तर्गतका निकायहरुमा समयमा नै बजेट निकासा हुने | २.१.१. | सम्बन्धित कार्यालयमा बजेट अख्तियारी प्रदान गर्न ढिलाई | मध्यम | प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणाली बाट स्वतः बजेटको अख्तियारी तथा | | बजेट तयार तथा कार्यावन्यनमा प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणाली पूर्ण प्रयोग गरिएको | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सुनिश्चितता | | हुने | | निकासा हुने व्यवस्था मिलाउने | | | |
| | २.१.२ | | | | | | |
| २.२. | २.२.१ | | | | | | |
| | २.२.२. | | | | | | |
| २.३ | २.३.१ | | | | | | |
| | २.३.२ | | | | | | |

**४.लेखाङ्कन, लेखापरिक्षण तथा प्रतिवेदन**

| **अपेक्षित नतिजा ४ : सुदृढ लेखापालन, प्रतिवेदन तथा लेखा प्रणाली लागू भएको हुने** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका सम्भावित जोखिमहरु | जोखिमको वर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय | समयसीमा | माइलस्टोन/मापनको आधार र स्रोतहरु | जिम्मेवार व्यक्ति/निकाय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ लेखा प्रणालीमा सुधार गर्ने | ३.१.१ | कानून बमोजिम तोकिएको लेखापालन मापदण्ड पालना नभएको | उच्च | लेखापालनमा एकिकृत आर्थिक संकेत तथा लेखा फारमको पूर्ण पालना | | एकिकृत आर्थिक संकेत प्रयोग तथा लेखाकंनका लागि तोकिएको सफ्टवेयर प्रयोगमा आई CGAS+ पुर्णरुपमा लागु गरिएको | |
| | ३.१.२ | | | | | | |
| | ३.२.१ | | | | | | |
| ३.२ | ३.२.२ | | | | | | |
| | ३.३.१ | | | | | | |
| ३.३ | ३.३.२ | | | | | | |

**५.अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

| अपेक्षित नतिजा ५ : प्रभावकारी वित्तीय अनुगमन, पारदर्शिता, जवाफदेहितामा बढोतरी हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका सम्भावित | जोखिमको बर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने | समय सीमा | माइलस्टोन/ मापनको आधार र स्रोतहरु | जिम्मेवार व्यक्ति/ निकाय |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जोखिमहरु | | उपाय | | | |
| ४.१ अनुगमन प्रणाली सुधार गरि नातिजामूलक बनाउने | ४.१.१. | प्रभावकारी अनुगमन प्रणाली विकास नगरिएको | उच्च | सूचकमा आधारित व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने | | अनुगमन प्रतिबेदनहरु तथा व्यवस्थापन सूचना प्रणाली आदि | |
| | ४.१.२ | | | | | | |
| ४.२ | ४.२.१ | | | | | | |
| | ४.२.२ | | | | | | |
| ४.३ | ४.३.१ | | | | | | |
| | ४.३.२ | | | | | | |

निर्णय मितिः २०८१/०९/१९

**आज्ञाले,**

रविलाल शर्मा

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**